सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

फैसला

०७७-CI-०४१२

मुद्दाः- हर हिसाब गराई पाऊँ।

| | | |
|---|---|---|
| भीष्म भुषणको श्रीमती का.जि. साविक धापासी गा.वि.स. वडा नं. ३ हाल ऐ. परिवर्तित टोखा न.पा. वडा नं. ७ मा बस्ने उषा श्रेष्ठ.................................१ | पुनरावेदक |
| कुल बहादुरको छोरा ऐ. ऐ. बस्ने भीष्म भुषण श्रेष्ठ.......................................१ | वादी |

विरुद्ध

| | |
|---|---|
| एल्पिक एभरेष्ट फाईनान्स लि. हाल बुटवल फाईनान्स, सिनर्जी फाईनान्स र एल्पिक एभरेष्ट फाईनान्स लि. मर्ज भई सिनर्जी फाईनान्स लि. काठमाडौं..........१ | प्रत्यर्थी प्रतिवादी |

| | |
|---|---|
| सुरु फैसला गर्ने अदालतः- | काठमाडौं जिल्ला अदालत |
| सुरु फैसला गर्ने न्यायाधीशः- | माननीय जिल्ला न्यायाधीश श्री लक्ष्मी कृष्ण श्रेष्ठ |
| मुद्दा नं.:- | ०६९ सालको दे.दा.नं. ११-३९-०६९-०५१८१ |
| सुरु फैसला मितिः- | २०७१।८।८ |
| पुनरावेदन तहमा फैसला गर्ने अदालतः- | उच्च अदालत पाटन |
| पुनरावेदन तहमा फैसला गर्ने न्यायाधीशः- | मा. न्या. श्री अब्दुल अजीज मुसलमान<br>मा. न्या. श्री अच्युत प्रसाद भण्डारी |
| मुद्दा नं.:- | ०७२-DP-१४०० |
| पुनरावेदन फैसला मितिः- | २०७४।१०।२९ |

न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको मुद्दा दोहोर्याई हेरी पाऊँ भन्ने निवेदनमा यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

## तथ्य खण्ड

१. विपक्षी एल्पिक एभरेष्ट फाइनान्स लि.संग पूरानो सम्पूर्ण हिसाब किताब चुक्ता गरी नयाँ कारोवारको लागि रु. एक करोड आवश्यक भई विपक्षी संस्थाको संचालक अध्यक्ष रामशान्त श्रेष्ठसंग सहमति भई मेरो श्रीमान् भीष्म भुषण श्रेष्ठको नाममा भएको का.जि. धापासी गा.वि.स. वडा नं.३ स्थित कि.नं. ४५९ को क्षे.फ. ०-७-०-० र त्यसै जग्गामा बनेको साढे ५ तल्लाको घर र म उषा श्रेष्ठको नाममा भएको का.जि. बाडभन्ज्याङ गा.वि.स. वडा नं.८(ख) कि.नं.१ को क्षे.फ. ३-८-०-० र ऐ. वडा नं.९(च) कि.नं.१५ को क्षे.फ.२-०-०-० समेतको सम्पत्ति धितो राखी प्रकृया अघि बढेकोमा ऋण स्वीकृतिको अन्त्य सम्म १ करोड मात्र उपलव्ध गराउने कुरा भएकोमा मिति २०६३।९।६ मा आएर विपक्षीले आवश्यक एक करोड रकमबाट घटाई ८० लाख मात्र ऋण उपलव्ध गराए पश्चात् पूर्व तयारी अनुरुप ८० लाखले काम नगर्ने भई घर सल्लाह पश्चात् फिर्ता गर्ने निर्णय गरी भोलिपल्ट नै मिति २०६३।९।७ मा मेरो श्रीमान् भीष्म भुषण श्रेष्ठको नामबाट रु.६७,२४,७५६।-, सोही मितिमा रु.५,५०,०००।- र म उषा श्रेष्ठकै नामबाट रु.४,५०,२४४।- गरी जम्मा रु.७७,२५,०००।- फिर्ता गरी भौचर लिएका थियौं। बाँकी रु.२,७५,०००।- वित्तीय संस्थालाई बुझाए पश्चात् सम्पूर्ण कारोवार कुनै पक्षमा नरही मिलान हुनेमा मैले जग्गा रोक्का फुक्का भएपछि मात्र बाँकी रकम बुझाउला भनी बसेकोमा बैंकले जग्गा फुकुवा गर्न कुनै चासो नदेखाएको र लिखित रुपमा दिएको निवेदन उपर पनि कुनै परवाह नराखी धितो सुरक्षण बापत राखेको मेरो जग्गालाई मिति २०६३।२।१० गते नेपाल समाचारपत्रमा १५ दिने म्याद सहितको सूचना प्रकाशित गरी र मेरी श्रीमतीका नाममा भएको जग्गालाई मिति २०६४।७।१५ गते अन्नपूर्ण पोष्ट दैनिकमा ३५ दिने म्याद सहितको सूचना प्रकाशित गरी लिलामी प्रकृयामा लगि लिलामी गर्ने तर्फ लागेको थाहापाई मेरो सम्पत्ति विना कारण एल्पिक एभरेष्ट फाइनान्स लि.ले आफ्नो नाममा पारी लैजाने नियत बुझी मेरो सम्पत्तिको रक्षाको लागि मिति २०६५।१०।१९ मा निषेधाज्ञायुक्त परमादेश मुद्दा पुनरावेदन अदालत पाटनमा दायर भएकोमा मिति २०६६।१०।२७ गते निवेदन खारेज भई फैसला भए उपर चित्त नबुझी सम्मानीत सर्वोच्च अदालतमा मिति २०६७।५।२१ मा पुनरावेदन दायर गरी

सम्मानीत सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा उक्त धितो बन्धकी राखेको माथि उल्लिखित कि.नं.का जग्गा हामीलाई थाहा जानकारी नै नदिई विपक्षी वित्तीय संस्थाले एकलौटी रुपमा मेरो जग्गा आफनो नाममा पारी मेरो हक मेट्ने गरी मिति २०६९।२।२६ मा नामसारी दा.खा.गरेको र मेरो श्रीमतीको नाउंमा रहेको जग्गा मिति २०६३।३।१९ मा नामसारी दा.खा. गरेको रहेछ। धितो सुरक्षण बापत राखेको जग्गा फिर्ता लिन विपक्षीलाई पटक पटक लिखित मौखिक रुपमा साँवा व्याज के कति हो हर हिसाब गरौं तिर्न बुझाउन तयार छु भनी भन्दा विपक्षीले सो कुरालाई बेवास्ता गरि साँवा व्याज रकम तिर्न बुझाउन नसकेको निहुँमा मेरो बहुमूल्य जग्गा विपक्षीले आफ्नो नाममा दा.खा.नामसारी गरेकोले उक्त ऋण कर्जाको साँवा व्याज समेतको हर हिसाब गराई पाऊँ भन्ने समेत बेहोराको काठमाडौं जिल्ला अदालतमा दायर भएको फिरादपत्र।

२. वादीले हिसाब गराई पाउने कानुनी आंधार नै नदेखाई पर्न आएको फिराद खारेजभागी हुँदा खारेज गरी फुर्सद दिलाई पाऊँ भन्ने समेत बेहोराको प्रतिउत्तरपत्र।

३. प्रस्तुत मुद्दामा फिरादीले मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं. समेतको कानुनी आधार देखाई फिराद दायर गरेको देखियो। तथापी वादीले दावी लिएका कानुनी व्यवस्था हेर्दा हिसाब गराई माग्ने व्यवस्था रहे भएको देखिन आएन। यसरी फिरादीले कुन कानुन अन्तर्गत फिराद दावी लिएको हो सो कुराको स्पष्ट कानुनी आधार नै उल्लेख गर्न नसकेको देखिएबाट दावीको औचित्यमा नै प्रवेश गर्न मिल्ने नभई प्रस्तुत फिराद मुलुकी ऐन, अ.वं. १८० नं. बमोजिम खारेज हुने ठहर्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला।

४. पुनरावेदक मध्ये उषा श्रेष्ठ ऋणीलाई र जमानी कर्तालाई थाहा जानकारी नदिई कानूनले निर्दिष्ट गरेको कार्यविधि पूरा नगरी उपरोक्त धितो रहेको घर जग्गाहरु गैर कानूनी तवरबाट लिलाम गरी सो घर जग्गा विपक्षी आफैंले सकार गरी मिति २०६९।२।२६ मा आफ्नै नाउँमा दा.खा. गरी पुनरावेदक उषा श्रेष्ठले र भीष्म भुषणले ऋण रकम बुझाउँदा बुझाउँदै सो रकम बुझाएको भौचरको परीक्षण बेगर हर हिसाब नगरी पुनरावेदकहरुको सम्पत्ति जालसाजी तवरबाट गैरकानूनी रुपले लिलाम गरी दा.खा. गरी लिएको भन्ने कुरा मिसिल संलग्न कागजहरुबाट पुष्टि भईरहेको छँदा छदै मुद्दाको तथ्य भित्र प्रवेश नगरी ज्यादै अन्यायिक तवरबाट वादी

दावी खारेज गर्ने गरेको फैसलामा प्रमाण ऐन,२०३१ को दफा ३,५४ तथा अ.बं. १८४ नं. तथा १८५ नं. समेतको विपरित हुनुको साथै ने.का.प. २०६८ अंक ७ पृष्ठ १२५० नि.नं. ८६६१, सर्वोच्च अदालतबाट बुलेटिन, वर्ष १८, अंक १४, २०६६ कार्तिक १६-२९ पूर्णांक ४१६ प्रकाश विरुद्ध हिमालयन बैंक समेत भएको लिलाम बदर मुद्दामा संस्थापित नजिर कानूनी सिद्धान्त समेत विपरित छ। हामीहरुको धितो राखेको सम्पत्ति लिलाम गर्दा हामीहरुलाई सुनुवाईको मौका नदिई विपक्षीले गैरकानूनी तवरबाट काम कारवाही गरेको हुँदा सुनुवाईको मौका बेगर विपक्षीको लिलामी कार्वाही नै गैर कानूनी छ। यसरी ऋण लिएको रकम मध्ये ७७ लाख २५ हजार बुझाईसकेको अवस्थामा हर हिसाब गरी बाँकी रकम लिई धितो रहेको घर जग्गाहरु फुकुवा गरी दिनुपर्नेमा दर्तावालालाई लिलामीको सूचना नै नदिई दर्तावालाको घर जग्गा लिलाम गर्नु गराउनु कानून विपरितको कार्य हो। वादीले दावी लिएको ऐन प्रस्तुत मुद्दामा आकर्षित हुने हुँदा स्पष्ट कानूनले उल्लेख गर्न नसकेको भनी हचुवा किसिमबाट वादी दावी अ.बं.१८० नं. बमोजिम खारेज गर्ने गरेको सुरु अदालतको फैसला त्रुटिपूर्ण हुँदा सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७१।८।८ को फैसला बदर गरी वादी दावीको तथ्यभित्र प्रवेश गरी हर हिसाब गराई पाउने ठहराई फैसला गरी पाऊँ भन्ने समेत बेहोराको उषा श्रेष्ठ समेतको पुनरावेदनपत्र।

५. यसमा, यसै लगाउको मुद्दा नं. ०७२-DP-१३९८ को लिलाम निर्णय नामसारी बदर समेत मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा समेत उक्त मुद्दासंग अन्तरप्रभावी भएको हुँदा यसमा पनि मुलुकी ऐन अ.बं. २०२ नं. को प्रयोजनार्थ उच्च अदालत नियमावली, २०७३ नियम ६४ बमोजिम प्रत्यर्थीलाई छलफलका लागि झिकाई उपस्थित भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला भन्ने बेहोराको उच्च अदालत पाटनबाट भएको आदेश।

६. वादीले फिरादमा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ र ८२ नं., लेनदेन व्यवहारको ४० नं., न्याय प्रशासन ऐन, २०४८ को दफा ७, जग्गा पजनीको २(क) र १७ नं. एवम् जग्गा मिच्नेको १ र १८ नं. समेतका आधारमा हिसाब किताब गराई पाऊँ भनी प्रस्तुत मुद्दा दायर गरेकोमा उल्लिखित कानूनी व्यवस्थामा अदालतबाट आफ्नो कारोवारको हिसाब किताब गराई पाउने कुनै हक सुरक्षित

भएको देखिँदैन। फिरादीले कुन कानूनका आधारमा अदालत मार्फत ऋण रकमको हिसाब किताब गराउन खोजेको हो फिरादमा देखाउन सकेको पाइदैन। वित्तीय संस्थालाई ऋणीले के कति रकम तिर्न बुझाउनु पर्ने हो भन्ने बारेमा हिसाब किताब गराइ दिने कार्य अदालतबाट गराइ पाउने भन्ने कानूनी प्रावधानको अभावमा यस विषयमा अदालतले प्रवेश गरिरहनु पर्ने नदेखिँदा फिराद खारेज गर्ने गरेको सुरु काठमाडौं जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्याई उच्च अदालत पाटनबाट भएको फैसला।

७. जम्मा ऋण लिएको ८० लाख मध्ये विपक्षी फाइनान्सलाई रु. ७७,२५,०००/- रकम फिर्ता बुझाएको भौचर परीक्षण बेगर हरहिसाब नगरी निवेदकहरुको सम्पत्ति लिलाम गर्दा निवेदकलाई थाहा जानकारी नदिई सुनुवाईको मौका नदिई अ.बं. ७८ नं. को प्रक्रिया नअपनाई गैर कानूनी तवरले लिलाम गरी सो लिलाम आफैंले सकार गरी दा.खा. गरेको छ। धितो सुरक्षण रहेका सम्पत्तिहरु के कति रकममा मूल्याङ्कन गरी पन्चकिर्ते मूल्याङ्कन गरेको समेत देखिँदैन। के कति रकममा धितो रहेको सम्पत्तिहरु लिलाम सकार गरेको मिसिल संलग्न कागजबाट देखिँदैन। वादीले दावी लिएको आर्कषित हुने स्पष्ट कानून उल्लेख गर्न नसकेको भनी हचुवा किसिमबाट वादी दावी अ.बं. १८० नं. बमोजिम खारेज गर्ने गरेको सुरु अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा १ को देहाय (क) र (ख) को अवस्था विद्यमान भई सो फैसलाहरु त्रुटिपूर्ण भई मिलेको नहुँदा मुद्दा दोहोर्याई हेरी सो फैसला बदर गरी वादी दावी बमोजिम मुद्दाको तथ्यभित्र प्रवेश गरी प्रमाणको विश्लेषण र मूल्याङ्कन गरी हर हिसाब गरी पाउने ठहर्याई न्याय इन्साफ पाऊँ भन्ने समेत बेहोराको उषा श्रेष्ठ समेतबाट यस अदालतमा दायर गरेको मुद्दा दोहोर्याई हेरी पाऊँ निवेदनपत्र।

८. यसमा यसै लगाउको ०७५-RI-०३७४ को लिलाम निर्णय नामसारी दा.खा. मुद्दामा आज यसै इजलासबाट मुद्दा दोहोर्याई हेर्ने अनुमती प्रदान भएको र प्रस्तुत मुद्दा सो मुद्दासंग अन्तरप्रभावी हुँदा यसमा समेत सोही आधारमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहोर्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गर्नू भन्ने समेत बेहोराको यस अदालतबाट भएको आदेश।

## ठहर खण्ड

९. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री लभ कुमार मैनाली एवम् अधिवक्ताद्धय श्री ध्रुव कोइराला र श्री हरीप्रसाद मैनालीले विपक्षी एल्पिक एभरेष्ट फाइनान्स लि.संगको पूरानो सम्पूर्ण हिसाब किसाब चुक्ता भईसकेकोमा पुनः विभिन्न कित्ताका जग्गा धितो राखी रु. १ करोड माग गरेकोमा विपक्षी वित्तीय संस्थाले रु. ८० लाख मात्र कर्जा प्रदान गरेको हुँदा सो को भोलीपल्टै ७७ लाख २५ हजार बुझाए तापनि धितो सुरक्षण बापत राखेको जग्गालाई लिलाम प्रक्रियामा लगेकोमा सम्पत्तिको रक्षार्थ तत्कालीन पुनरावेदन अदालत पाटनमा निषेधाज्ञायुक्त परमादेश मुद्दा दायर गरी निवेदन खारेज भएकोमा सो खारेज निवेदनउपर सर्वोच्च अदालतमा पुनरावेदनको रोहमा विचाराधीन हुँदा हुँदै धितो सुरक्षण बापत राखिएका जग्गाहरु विपक्षीले नामसारी दा.खा. गरेको कार्य गैर कानुनी भएकोले लिलाम निर्णय नामसारी दा.खा निर्णय बदर गरी पाऊँ। धितो सुरक्षण बापत राखेको जग्गा फिर्ता लिन विपक्षीलाई लिखित एवम् मौखिक रुपमा साँवा व्याज के कति हो भनी हर हिसाब गरौं, तिर्न बुझाउन तयार रहेको भन्दा विपक्षीले बेवास्ता गरी दा.खा. नामसारी गरेकोले उक्त ऋण कर्जाको साँवा व्याज समेतको हर हिसाब गराई पाऊँ भनी गर्नु भएको बहस सुनियो। त्यस्तै, प्रत्यर्थी प्रतिवादीलाई सुनुवाईको क्रममा पटक पटक पुकारा गर्दासमेत उपस्थित नभएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७७ बमोजिम सुनुवाई गर्नु पर्ने देखिन आयो।

१०. विपक्षी एल्पिक एभरेष्ट फाइनान्स लि.संग पूरानो सम्पूर्ण हिसाब किताब चुक्ता गरी नयाँ कारोवारको लागि रु. एक करोड आवश्यक भई मेरो श्रीमान् भीष्म भुषण श्रेष्ठको कि.नं. ४५९ को क्षे.फ. ०-७-०-० र त्यसै जग्गामा बनेको साढे ५ तल्लाको घर र म उषा श्रेष्ठको कि.नं.१ को क्षे.फ. ३-८-०-० र ऐ वडा नं.९(च)कि.नं.१५ को क्षे.फ.२-०-०-० समेतको सम्पत्ति धितो राखी प्रकृया अघि बढेकोमा ८० लाख मात्र ऋण उपलव्ध गराए पश्चात् फिर्ता गर्ने निर्णय गरी भोलिपल्ट नै मिति २०६३।९।७ मा श्रीमान् भीष्म भुषण श्रेष्ठको नामबाट रु.६७,२४,७५६।-, सोही मितिमा रु.५,५०,०००।- र म उषा श्रेष्ठकै नामबाट

रु.४,५०,२४४।- गरी जम्मा रु.७७,२५,०००।- फिर्ता गरी भौचर लिएका थियौं। धितो सुरक्षण बापत राखेको मेरो जग्गालाई नेपाल समाचार पत्रमा १५ दिने म्याद सहितको सूचना प्रकाशित गरी र मेरी श्रीमतीका नाममा भएको जग्गालाई अन्नपूर्ण पोष्ट दैनिकमा ३५ दिने म्याद सहितको सूचना प्रकाशित गरी लिलामी प्रकृयामा लगेकोले निषेधाज्ञायुक्त परमादेश मुद्दा पुनरावेदन अदालत पाटनमा दायर भएकोमा निवेदन खारेज भई फैसला भए उपर सर्वोच्च अदालतमा पुनरावेदन दायर गरी विचाराधीन रहेको अवस्थामा विपक्षीले नामसारी दा.खा.गरेको रहेछ। धितो सुरक्षण बापत राखेको जग्गा फिर्ता लिन विपक्षीलाई पटक पटक लिखित मौखिक रुपमा साँवा व्याज के कति हो हर हिसाब गरौं तिर्न बुझाउन तयार छु भनी भन्दा विपक्षीले सो कुरालाई बेवास्ता गरेकोले उक्त ऋण कर्जाको साँवा व्याज समेतको हर हिसाब गराई पाऊँ भन्ने समेत बेहोराको फिराद दावी रहेकोमा वादीले हिसाब गराई पाउने कानुनी आधार नै नदेखाई पर्न आएको फिराद खारेजभागी हुँदा खारेज गरी पाऊँ भन्ने समेत बेहोराको प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा वादी दावी पुग्न नसक्ने ठहर गरेको सुरु काठमाण्डौं जिल्ला अदालतको फैसला उच्च अदालत पाटनबाट सदर भए उपर वादी उषा श्रेष्ठ समेतको यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी परेको निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा पेस भई आएको देखियो।

११. उपर्युक्त तथ्य र पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरुले गर्नुभएको तर्कपूर्ण बहस सुनी उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णयतर्फ विचार गर्दा, फाइनान्स कम्पनीसंग कर्जा कारोबार चालु रहेको अवस्थामा आफूले फाइनान्सलाई तिर्न बुझाउनुपर्ने यति रकम बुझाई सकेको र यस भन्दा बढी अरु हिसाब कायम रहेको अवस्थामा यति बुझाउन बाँकी रहेको छ वा यति हिसाब कायम कायम हुनुपर्ने हो भनी यकीन साथ विवरण संलग्न राखी फाइनान्समा निवेदन दिएको वा यो यति हिसाब कायम हुनुपर्छ भनी पहिले देखि जिकिर लिन

सकेको देखिएन। कर्जा चालु रहेको अवस्थामा फाइनान्ससंग दोहोरो रुपमा हिसाबको बारेमा छलफल गरेको अवस्थाको विद्यमानता रहेको छैन। फाइनान्सले कर्जा चुक्ता गर्न आउनका लागि पटक पटक सूचना प्रकाशित गर्दा वा धितो लिलामीको प्रकृयामा गएको अवस्थामा समेत हिसाबको बारेमा विवाद गरेको देखिँदैन। त्यसका अलावा यति रकम आफूले फाइनान्समा बुझाई सकेको र यति रकम बुझाएर हिसाब मिलान गरी पाऊँ भनी पुनरावेदकले फाइनान्ससंग दावी समेत गरेको अवस्था देखिएन। वादीले कर्जाको शर्त अनुसार साँवा व्याज नबुझाएको अवस्थामा साविक बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७(७) बमोजिम सकार गरी लिएपछि मात्र लगाउका लिलाम निर्णय नामसारी दा.खा.का मुद्दाहरु दायर गरेपछि मात्र हरहिसाब गरी पाऊँ भनी फिराद गरेको देखिन्छ। फाइनान्ससंग हिसाब नै चित्त नबुझेको अवस्थामा यति रकम बुझाउन तयार छु धितो फुकुवा गरी पाऊँ भनी वैकल्पिक दावी लिई फिराद गरेको अवस्था देखिँदैन। हरहिसाब भन्ने नितान्त लेखा प्रणालीसंग सम्बन्धित विषय हो। ऋणीसंग कर्जा सम्झौता भएकै अवस्थामा कति ऋण रकम हुने हो?, सो को ब्याजदर के कति हुने हो?, समयमा साँवा व्याज नबुझाएमा के कति हर्जना लाग्ने हो? र कर्जाको उल्लंघन गरेको अवस्थामा धितोको सम्पत्तिमा ऋणीको हक समाप्त हुने भन्ने कुरा उल्लेख भएको हुन्छ। नेपाल राष्ट्र बैंकले तोकेको Standard Format मा राखिएको हिसाबमा ऋणको व्याज गणना नगरिएको, साँवा नघटाइएको वा बुझाईएको व्याज हिसाबमा समावेश नगरिदिएको जस्ता विषयमा आफू सजग भई स्पष्ट हिसाबको दावी लिई अदालतमा प्रवेश गर्नुपर्ने हुन्छ र प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम आफ्नो दावी समेत आफैंले प्रमाणित गर्नुपर्ने हुन्छ। धितोको सम्पत्ति फाइनान्सले सकार गरेपछि मात्र गोश्वारा रुपमा हर हिसाब गराई पाऊँ भन्ने फिरादलाई शुद्ध र सफा नियतको मागदावीको संज्ञा दिन मिल्ने देखिएन। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ एवम् बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ को दफा १३१ ले बैंक तथा वित्तीय संस्थाको नियमन र सुपरीवेक्षण गर्ने कानुनी कर्तव्य केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकलाई तोकेको र प्रत्येक बैंक तथा वित्तीय संस्थाको लेखापरीक्षणको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने अधिकार नेपाल राष्ट्र बैंकमा रहेको देखिन्छ। सो का अलावा कुनै बैंक वा वित्तीय

संस्थाले आफ्नो ऋणी, ग्राहक उपर अन्यायपूर्ण व्यवहार गरेको अबस्थामा त्यस्ता ऋणीको गुनासो सुनुवाई गरी सो को यथोचित सम्बोधन गर्नका लागि केन्द्रीय बैंकमा गुनासो सुनुवाई इकाई समेत स्थापना गरिएकोमा पुनरावेदकले उक्त इकाईमा गई हिसाबको बारेमा गुनासो दर्ता गरेको समेत देखिँदैन। यसर्थः पुनरावेदकले आफूले हिसाब देखाउने दायित्व निर्वाह नगरी अदालतबाटै हरहिसाब गराईपाऊँ भनी दावी लिएको सन्दर्भ यथार्थपरक नदेखिएकाले उच्च अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन।

१३. वादीले फिरादमा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. र ८२ नं., लेनदेन व्यवहारको ४० नं., न्याय प्रशासन ऐन, २०४८ को दफा ७, जग्गा पजनीको २(क) नं. र १७ नं. एवम् जग्गा मिच्नेको १ नं. र १८ नं. समेतका आधारमा हिसाब किताब गराई पाउने दावी लिए तापनि उल्लिखित कानुनी व्यवस्थाहरूका आधारमा अदालतबाट हिसाब किताब गराई पाउने स्पष्ट अधिकार र कार्यक्षेत्र निर्धारण भएको नदेखिँदा वादीको आफ्नो कारोवारको हिसाब किताब गराई पाउने कुनै पनि हक सुरक्षित भएको देखिएन। "कुनै विषयमा फिराद वा नालिश दिई अदालत प्रवेश गर्ने पक्षले आफ्नो दावी कुन कानूनको कुन व्यवस्था अन्तर्गत स्थापित हुने हो भन्ने कुराको स्पष्ट कानूनी आधार समेत खुलाउन सक्नुपर्ने, केवल हदम्याद र हकदैयाको कुरा देखाउँदैमा जुनसुकै प्रकारको दावी वा फिराद स्थापित नहुने। कानूनले उपचारको स्पष्ट व्यवस्था नगरेको विषयमा पनि अदालतले न्याय निरोपण गर्ने हो भने विषय विषयका विवादको सम्बन्धमा छुट्टा छुट्टै उपचारको मार्ग प्रशस्त गर्नुको कुनै औचित्य नरहने" **(ने.का.प. २०६५, अंक ७ नि.नं. ७९९१)** भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको आलोक समेतमा हेर्दा फिरादीले स्पष्ट कानुनी व्यवस्थालाई अङ्गिकार गरी फिराद दायर गरेको देखिएन। यसै गरी कर्जा लिने दिने कति हो, पेनाल्टी मिनाहा कति दिने हो भन्ने जस्ता विषयहरु सम्झौता गर्ने दुई पक्षबाट निर्धारण गरिने विषय भएको र हिसाब किताबको अद्यावधिक रेकर्ड समेत त्यसै पक्षसंग रहने र प्रतिवादीबाट यति ऋण लिएको भन्ने कुरा पुनरावेदक वादीकै जानकारीमा हुने विषय भएको हुँदा अदालतले हिसाब गरिदिन सक्ने अबस्था पनि हुँदैन भनी यस अदालतबाट ०६४-CI-१०४० को फैसला मिति २०६६।७।११ मा व्याख्या गरिएको सन्दर्भ समेतलाई दृष्टिगत गर्दा ऋणीले आफूले लिएको ऋणको

साँवा ब्याज समेतका रकम के कति कुन समयमा चुक्ता गर्न पर्ने हो एवम् के कति रकम चुक्ता गर्न बाँकी हो भन्ने सम्बन्धमा विपक्षी फाईनान्सबाट नै प्राप्त गर्ने भएकोले कुनै ठोस कानुनी आधार बिना नै अदालतमा दायर गरेको फिरादको औचित्यमा नै प्रवेश गर्न मिल्ने नदेखिँदा मुलुकी ऐन, अ.वं. १८० नं. बमोजिम खारेज हुने ठहर्याई उच्च अदालत पाटनबाट भएको फैसला मनासिव देखिँदा अन्यथा गर्नुपर्ने देखिएन। तसर्थ, यस अदालतबाट मिति २०७६।१२।०३ मा मुद्दा दोहोर्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधार कारण एवम् पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीको बहस जिकिरसंग सहमत हुन सकिएन।

१४. अतः माथि विवेचित आधार, कारण र कानुनी व्यवस्थाबाट वादी दावी पुग्न नसक्ने ठहर गरेको सुरु काठमाण्डौं जिल्ला अदालतको मिति २०७१।८।८ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।१०।२९ को फैसला कानुनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

१५. प्रस्तुत फैसला विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नू। मुद्दाको दायरी लगत कट्टा गरी सुरु र रेकर्ड मिसिल सम्बन्धित अदालतमा र यस अदालतको मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(बालकृष्ण ढकाल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(डा. नहकुल सुवेदी)
न्यायाधीश

इजलास अधिकृतः सविनराज पाण्डे
कम्प्युटर टाईप गर्नेः शंकर सापकोटा
इति सम्वत् २०८१ साल साउन २१ गते रोज २ शुभम्-----------------------।